कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २५ | अंक: २१८ | वि.सं. २०८२ | मंसिर | १४ | आइतवार | नेपाल संवत्: ११४५, | मंसिर शुक्लपक्ष दशमी | Sunday | 30 | November | 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

### एमालेको ११औं महाधिवेशनमा कर्णालीबाट एक सय १३ प्रतिनिधि

# कँडेल र बोगटी पदाधिकारीको लाइनमा

“कर्णालीबाट २४ जना केन्द्रीय सदस्य रहेकोमा कालीकोटका प्रेमबहादुर सिंहले एमाले परित्याग गरिसकेका छन् ।

**ओम शाही**
**सुर्खेत, १३ मंसिर ।**

आसन्न नेकपा (एमाले)को ११औं महाधिवेशनका लागि कर्णाली प्रदेशबाट एक सय १३ प्रतिनिधि छनौट भएका छन् । कर्णाली प्रदेश कमिटीले शनिबार २७-२९ मंसिरमा भक्तपुरको सल्लाघारीमा हुने महाधिवेशनमा सहभागी हुने प्रतिनिधिको टुङ्गो लगाएको हो ।

१० वटै जिल्लाबाट महाधिवेशनमा सहमागी हुने प्रतिनिधिको सर्वसम्वत टुङ्गो लागेको प्रदेश कमिटी उपसचिव पद्मा खड्काले जानकारी दिइन । कर्णालीमा एमालेका ४७ हजार संगठित सदस्य छन् । एमालेको १५ कार्तिकमा बसेको केन्द्रीय सचिवालय बैठकले गरेको निर्णयअनुसार महाधिवेशन प्रतिनिधि छनौट भएको उनले जानकारी दिइन ।

कर्णालीबाट महाधिवेशनमा सहभागी हुने जिल्लागत प्रतिनिधिहरुमा हुम्लाबाट पाँच, दैलेखबाट २२, कालिकोटबाट आठ, सुर्खेतबाट २०, मुगुबाट पाँच, जाजरकोटबाट १० जना छन् । यस्तै, जुम्लाबाट ६, डोल्पाबाट आठ, रुकुमपश्चिमबाट पाँच, सल्यानबाट आठ जना महाधिवेशन प्रतिनिधि रहेको खड्काले बताइन ।

उनका अनुसार मजदुर संगठनबाट सात, कर्णाली सम्पर्क मञ्चबाट चार र प्रदेश पार्टी कमिटीलाई पाँच प्रतिनिधि दिइएको छ । नीति र विधि निर्माणको काम २०-२२ भदौमा ललितपुरको गोदावरीमा सम्पन्न विधान महाधिवेशनबाट भइसकेकाले यस महाधिवेशनले नेतृत्व चयनको काम गर्ने छ । महाधिवेशनमा दुई हजार तीन सयको हाराहारीमा प्रतिनिधिहरूले भाग लिने एमालेले जनाएको छ ।




## कर्णालीबाट एक्लिए इश्वर पोखरेल

कर्णालीबाट महाधिवेशन प्रतिनिधिको टुङ्गो लाग्दा अध्यक्षका प्रत्यासी वरिष्ठ उपाध्यक्ष इश्वर पोखरेल एक्लिएका छन् । छनौट भएका प्रतिनिधिहरु कोही पनि पोखरेलको पक्षमा नभई तत्काल अध्यक्ष ओली समूहमा देखिएका छन् ।

उनीहरुले एमालेको भावी अध्यक्ष ओलीको विकल्प नरहेको भन्दै पोखरेललाई साथ नदिने पक्षमा पुगेको सुर्खेतबाट महाधिवेशन प्रतिनिधि रहेका एक नेताले दावी गरे । यद्यपी प्रतिनिधि हुनका लागि नखुलेको पनि हुनसक्ने उनले बताए ।

‘हामी त केपी ओलीलाई नै अध्यक्ष बनाउनु पर्छ भनेर लागेका छौं,’ उनले भने, ‘ओलीको विकल्प खोज्नेहरु अहिलेसम्म देखिएका छैनन् ।’ प्रतिनिधि मात्र होइनन् स्थायी कमिटी सदस्य, पोलिट ब्यूरो सदस्य र केन्द्रीय सदस्यसमेत पोखरेलको पक्षमा हालसम्म खुलेका छैनन् ।

यस्तै, कर्णालीबाट पोलिट ब्यूरो सदस्य रहेकाहरु पनि ओली पक्षमा देखिएका छन् । पोलिट ब्यूरो सदस्यहरूमा दैलेखका लक्ष्मीप्रसाद पोखेल मुगुका मोहन बानिया र जाजरकोटका भैरवसुन्दर श्रेष्ठ छन् । कर्णालीबाट २४ जना केन्द्रीय सदस्य रहेकोमा कालीकोटका प्रेमबहादुर सिंहले एमाले परित्याग गरिसकेका छन् । बाँकी २३ जना पनि अध्यक्ष ओलीको लाइनमा छन् ।

जसमा दैलेखका राजबहादुर बुढा, जाजरकोटका निरज आचार्य, दैलखका धर्मराज रेग्मी, सुर्खेतका नवराज रावत, रुकुम पश्चिमकी तिर्था गौतम, कालीकोटका नगिन्द्र शाही, जाजरकोटका डम्बरबहादुर सिंह, हुम्लाका दल रावल, हुम्लाकै दल फडेरा, दैलखका विष्णु रिजाल, डोल्पाकी बदमी क्वारी बुढा, सुर्खेतकी मोहनमाया ढकाल, दैलेखकी मिनासिंह रखाल, दैलेखकै सूर्यकुमारी श्रेष्ठ, जाजरकोटका सीपी घर्ती, कालीकोटकी दक्षिणा शाही छन् ।

त्यस्तै, जुम्लाका रतननाथ योगी, रुकुम पश्चिमका चन्द्रबहादुर विक, कालीकोटकी इन्दिरा सन्ज्याल, सर्खेतका ठम्मर विष्ट, हुम्लाका छक्कबहादुर लामा, दैलेखका विनोदकुमार शाह र सल्यानका गोविन्द पुन छन् ।

## कर्णालीबाट पदाधिकारीको दाबेदार

कर्णालीबाट स्थायी कमिटी सदस्यमा दुई जना सुर्खेतका यामलाल कँडेल र हुम्लाका गोरखबहादुर बोगटी छन् । बरियताका हिसाबले हेर्ने हो भने बोगटीभन्दा कँडेल सिनियर हुन् । कँडेल आसन्न महाधिवेशनमा सचिव पदका दावेदारसमेत हुन् ।

कँडेल चितवनमा भएको दशौं राष्ट्रिय महाधिवेशनमा सचिव पदका दावेदार थिए । तर, पछि सर्वसम्वत हुँदा उनलाई स्थायी कमिटीमा लगिएको थियो ।

यस्तै, कँडेलसँगै बोगटी पनि यसपटक सचिव पदका दाबेदार मानिएका छन् । बोगटीले आफू सचिव पदमा उम्मेद्वारी दिने विषय यसअघि नै कार्यकर्ता माझ खोलिसकेका छन् ।

केन्द्रीय कमिटी हुँदै पोलिटब्युरो सदस्यमा १० वर्ष बिताएका बोगटी चितवनकै महाधिवेशनबाट स्थायी कमिटी सदस्यमा बढुवा भएका थिए । कँडेल र बोगटीबीच पदाधिकारीमा प्रतिस्पर्धा भए कँडेल नै अघि आउने सम्भावना छ ।

किन भने २०८० असारमा सम्पन्न एमाले कर्णाली प्रदेशको प्रथम अधिवेशनबाट कँडेल र बोगटीबीचको शक्ति मापन भइसकेको छ । उति बेला कँडेल र बोगटीको छुट्टाछुट्टै टीम हुँदा कँडेल टीमले प्रदेश कमिटीमा बर्चश्व जमाएको थियो । कँडेल हाल कर्णाली प्रदेशका मुख्यमन्त्री छन् भने, बोगटी एमाले कर्णाली प्रदेश इन्चार्जको जिम्मेवारीमा छन् ।

## जुम्लाबाट एमाले प्रतिनिधि सर्वसम्मत चयन

**युग संवाददाता**
**जुम्ला, १३ मंसिर ।**

नेकपा एमाले जुम्ला जिल्ला कमिटीले आसन्न ११ औं राष्ट्रिय महाधिवेशनका लागि प्रतिनिधिहरू सर्वसम्मत रूपमा चयन गरेको छ । जिल्लाभित्र विभिन्न पदका लागि सक्रिय उम्मेदवारता भए पनि अन्ततः आन्तरिक सहमतिमा सबै प्रतिनिधिहरू टुंगो लगाइएको सचिव मानबहादुर रोकायाले जानकारी दिए ।

रोकायाका अनुसार खुला प्रतिनिधिमा जिल्ला अध्यक्ष शान्तिलाल महत र पूर्व सांसद देवीलाल थापा, महिला प्रतिनिधिमा मेनका पछाँई र शान्ता शाही, दलित प्रतिनिधिमा रामबहादुर नेपाली, तथा युवा प्रतिनिधिमा धिरज जैशी सर्वसम्मत रूपमा चयन भएका छन् ।

जुम्ला कमिटीका अध्यक्ष शान्तिलाल महतले प्रतिनिधि छनौंट विवादरहित रूपमा सम्पन्न भएको बताएका छन् । महतले भने, “पार्टीलाई लक्ष्य गरेर देशी-विदेशी शक्तिहरूको दबाब र चुनौती बढिरहेको अवस्थामा एमाले संगठन एकता र दृढताका साथ अघि बढिरहेको छ । महाधिवेशनमा जुम्लाबाट सहभागी प्रतिनिधिहरूले राष्ट्र र राष्ट्रियताको पक्षमा स्पष्ट रूपमा मतदान गर्ने प्रतिबद्धता जनाएका छन् ।”

एमालेको ११औं राष्ट्रिय महाधिवेशन आगामी मंसिर २७-२९ गते काठमाडौंमा आयोजना हुँदैछ । पार्टी नेतृत्वले महाधिवेशनलाई संगठन मजबुत पार्ने, राष्ट्रिय नेतृत्व र राष्ट्रिय एकतालाई सुदृढ बनाउने अवसरका रूपमा लिएको छ । जुम्लाबाट चयनित प्रतिनिधिहरूको सर्वसम्मत चयनले जिल्लाभित्र पार्टी एकताको सन्देश मात्र होइन, देशव्यापी चुनौतिसँग सामना गर्न एमालेको संगठनात्मक दृढता पनि देखाएको छ ।

## बैतडी कारागारका ५९ जना बन्दीलाई स्थानान्तरण गरियो

**युग संवाददाता**
**बैतडी, १३ मंसिर ।**

बैतडी कारागारमा रहेका कैदी र थुनुवालाई स्थानान्तरण गरिएको छ । जीर्ण अवस्थामा रहेको भवनलाई नयाँ निर्माण गरिने भएकाले यहाँ रहेका कैदी र थुनुवालाई विभिन्न कारागारमा स्थानान्तरण गरिएको हो ।

कूल ५३ जना कैदी र छजना थुनुवालाई डडेलधुरा, दार्चुला, बझाङ र बाँकेका कारागारमा स्थानान्तरण गरिएको कारागार कार्यालय बैतडीका प्रमुख धारा भण्डारीले जानकारी दिए । दार्चुला कारागारमा छ थुनुवा र तीन जना कैदी, बझाङ नौ जना कैदी, डडेल्धुरा १४ जना कैदी र बाँकेको नौबस्ता कारागारमा २७ जना कैदीलाई स्थानान्तरण गरिएको उनले बताए ।

कूल २५ जना कैदीबन्दीको क्षमता रहेको कारागारमा ५९ जना कैदीबन्दी रहेका थिए । ८५ क्षमताको नयाँ बन्दीगृह निर्माण गरिने

बाँकी ३ पेजमा

**घर भाडामा रहेको सूचना**

वीरेन्द्रनगर रंगशालाको पुर्व पट्टी रहेको गेटको अगाडि मनकामना होटल रहेको पुरै घर होटल प्रयोजनका लागि भाडामा भएको हुदाँ इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क गर्नुहुन अनुरोध छ ।

**तपशिल :**
**नाम** : रमेश कुमार ढकाल
**ठेगाना** : वीन.न.पा-८ (आवाश क्षेत्र)
**सम्पर्क नम्बर** : ९८५८०५००१९



## सम्पादकीय....

# मजदुरमाथीको उदासीनता किन ?

देश आगामी २१ फागुनमा प्रनिनिधिसभा सदस्य निर्वाचनको तयारीमा छ । २३-२४ भदौको जेनी-आन्दोलनपछिका राजनीतिक घटनाक्रमले निर्वाचन दुई वर्ष अगावै गर्नुपर्ने बाध्यता उत्पन्न भएको छ । भ्रष्टाचार अन्त्य र सुशासनको माग गर्दै सडकमा उत्रिएको जेन-जी समूहमाथि भएको अत्यधिक बल प्रयोगले देशलाई नयाँ संकटतर्फ धकेलिदियो । जेन-जी आन्दोलनपछि निर्माण भएको अन्तरिम सरकारलाई आगामी फागुनमा निर्वाचन गराउने म्याण्डेट छ । यद्यपि सुशीला कार्की नेतृत्वको सरकार र राजनीतिक दलबीचको दूरीले तोकिएकै समयमा चुनाव हुन सक्ने-नसक्ने अन्योल अझै कायमै छ । तर, यतिखेर राजनीतिक तरंगभन्दा पर राज्यको संवेदनशील नजरमा पर्नुपर्ने एउटा कटु यथार्थ छ–कर्णालीका हर्कबहादुर तिरुवाजस्ता हजारौँ नेपालीको नियति । २०७९ को प्रतिनिधिसभा निर्वाचनमा मतदान गरी आफ्नो दायित्व पूरा गरेका बराहताल-८, भट्टेघारीका ५९ वर्षीय हर्कबहादुर भने यसपालि निर्वाचनमय देश छाडेर रोजगारीको खोजीमा फेरि भारत पुगेका छन् ।

यो न त रहर हो, न त साहसको कुनै विशेष यात्रा । यो निरन्तर ४० वर्षदेखि दोहोरिँदै आएको बाध्यता मात्र हो । सीप छ, काम गर्न इच्छाशक्ति छ, उमेरका कारण शरीर थकित हुन थाले पनि उनी आजसम्म काममा टिक्न चाहन्छन् । विडम्बना–आफ्नै देशमा सीपअनुसारको काम पाइँदैन । पाइए पनि ज्याला पाउन गाह्रो, ठेकेदारको ठगी झन् बिडम्बना । यही कारण उनीहरू वर्षेनी 'मेट'सँग अग्रिम पैसा लिएर भारतको उत्तराखण्डमा सडक मजदुरका रूपमा जान बाध्य हुन्छन् । यसरी हजारौ मजदुर हरेक मंसिरमा यसरी भारत जानु सामान्य भइसकेको छ । कर्णालीका १० वटै जिल्लाका नागरिक भारततर्फ पलायन हुनु कुनै नौलो होइन । रोजगारीका भरपर्दा विकल्प नभएका कारण लाखौँ नेपाली अनौपचारिक क्षेत्रमै भारतभर काम गर्दै आएका छन् । तर, राज्यसँग तिनको तथ्यांकसमेत छैन । श्रमिकको श्रम, श्रमको मूल्य र श्रमिकको सुरक्षा नियालेर हेर्ने कुनै संयन्त्र छैन । यसैका कारण मजदुरीका क्रममा घाइते भए उपचार छैन, मृत्यु भए क्षतिपूर्ति छैन ।

धेरै नेपालीले जीवनभरको शक्ति त्यही पहाडमा बिताए–तर भविष्य भने सदैव अन्धकारमै छ । नेपाली निर्माण क्षेत्रमा समेत भरपूर काम छ, तर पारिश्रमिक नपाउने, ठगीमा परिने र अमानवीय व्यवहारकै कारण नेपाली मजदुर आफ्नै भूमिमा काम गर्न हतोत्साहित छन् । यस्तोमा भारत जाने बाध्यता अझ टट्कारो हुँदै गएको छ । अर्कोतर्फ गरिबी पनि त्यही बाध्यताबाट पुस्तान्तरण भइरहेको छ । सामाजिक सुरक्षाको प्रभावकारी संरचना नबनेसम्म कर्णाली यस्तो चक्रबाट छिट्टै बाहिर निस्कने देखिँदैन । अहिले त महिलाहरू समेत भारतका कडा र जोखिमपूर्ण सडक निर्माणका काममा जान थालेका छन् । तर, हाम्रो राज्य अझै चुप छ । न त भारतमा काम गर्ने श्रमिकको तथ्यांक यकिन तथ्यांक छ, न त सामाजिक सुरक्षा सुनिश्चितता नै । चाडपर्व सकिएसँगै 'कालापहाड'को बाटो समाउनुपर्ने हजारौँ नेपालीहरूको पीडा भनिसाध्य छैन । राज्यले यसतर्फ नहेरेसम्म, रोजगारी सिर्जना नहुँदासम्म, ठेकेदारको मनपरीमा नियन्त्रण नआउँदासम्म अनौपचारिक क्षेत्रमा काम गर्ने नेपालीको पुस्ता-पुस्ता कालापहाडमै हराउँदै जानेछन् । यसतर्फ निर्णायक तहमा रहेकाहरुले बेलैमा सोच्न आवश्यक छ ।

# कानुनी अदालतमा हार्नुअघि नै जनताको अदालतमा हारेकी थिइन् हसिना



✍ **महफूज अनाम**

अन्तर्राष्ट्रिय अपराध न्यायालय (आईसीटी)ले शेख हसिनाविरुद्ध गरेको फैसला कति सही, कति गलत हो ? भन्नेमा कानुनविज्ञले नै चर्चा गर्नुहोस् । तर, हाम्रो केन्द्रविन्दु त्यो तथ्यमा हुनेछ कि शेख हसिनाको राजनीतिक पतन पहिले नै भइसकेको थियो । उनी 'दोषी' अदालतबाट हुनुभन्दा अगाडि नै जनताद्वारा-विशेषगरी युवापुस्ताबाट सन् २०२४ को जुलाई-अगस्टका अशान्त दिनमै दोषी ठहर भइसकेकी थिइन् ।

भविष्य सधैँ अनिश्चित हुन्छ । तर, अहिलेको अवस्थामा उनको प्रतिष्ठा ध्वस्त भइसकेको छ । उनको राजनीतिक यात्रा अहंकार, कुशासन र दण्डहीनताको विशाल पहाडको डङ्गुरमा पुरिएको छ । हसिनाको दल अवामी लिग हसिनाको पतन पछाडिको कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय षड्यन्त्रको कथा जति बनाए पनि आईसीटीको 'मृत्युदण्ड' उनको आफ्नै राजनीतिक विपक्षीलाई गरिएको निर्दयी दमन, कानुनको दुरुपयोग, भ्रष्टाचार, पक्षपाती प्रशासनको उपज हो । बैंक लुट, कालोबजारी, स्वतन्त्र सञ्चारमाध्यमको दमनको उपज हो । आसेपासेसँग मिलेर गरिएको भ्रष्टाचारको उपज हो ।

सबैभन्दा प्रमुख कुरा उनको आखिरी शासनको अन्तिम केही हप्तामा बालबालिकासमेत गरी १ हजार ४०० नागरिकको हत्यामार्फत सत्तामा बसिरहन खोजेको कारण थियो । यो सबै आफैँले निम्त्याएकै कुरा थियो । वर्षौंदेखि बेपत्ता पार्ने र गैरन्यायिक हत्या उनको शासनको पहिचान बनेको थियो । फेरि पनि यो सत्य हो कि केही महत्त्वपूर्ण पूर्वाधार विकास, प्रतिव्यक्ति आय वृद्धि र सामाजिक सूचकमा प्रगति भएकै हुन् । तर, तिनको श्रेय लोकतन्त्र नष्ट गर्दै पूर्णतः निरंकुश शासन स्थापना गर्ने उनको कदमले पूरै छायामा पारिदियो ।

अन्ततः हसिनाप्रतिको जनअनुमोदन पूर्ण रुपमा ढल्यो । उनीप्रतिको घृणा चरम चुलीमा पुग्यो । अघि भनिएझैँ सडकमा भएका हत्याका कारण जनताको अदालतले 'मृत्युदण्ड'को फैसला गऱ्यो । दुनियाँका धेरै तानाशाह र अधिनायकवादीभन्दा उनको शासनलाई फरक पार्ने कुरा के थियो भने थोरै समयमै यति धेरै निहत्था प्रदर्शनकारीको हत्या गरेका शासक कमै भेटिन्छन् ।

अवामी लिगलाई पुनर्जीवित, पुनर्गठित, सशक्त र प्रेरित गरी २१ वर्षपछि सन् १९९६ को चुनाव जित्न सक्षम बनाउने उनै भएको जस त जान्छ । उनको पहिलो कार्यकालमा दुई घटना विशेष छन् । उनले आफैँ कार्यान्वयन नगरेको चिटगँग हिल ट्र्याक्ट्स सम्झौता र गङ्गा पानी बाँडफाँड सम्झौता । तर, वर्षौंदेखि उनले प्रहरी प्रशासन, न्यायालय सबै तह नष्ट गर्दै आफ्नो पार्टीलाई राजनीतिक शक्ति केन्द्रबाट भ्रष्टाचार र हिंसाको उपकरणमा रुपान्तरण गरिन् ।

अवस्था यस्तो आयो कि विचारधारा प्रशंसामा, सिद्धान्त नेताको बखानमा र जनसेवा स्वार्थ सेवामा पो बदलियो । हरेक टिकट बिक्रीमा गए । पदोन्नति घुसमा भयो र विकास परियोजना आफ्नै घरेलु खेलौनाझैँ चलाइयो । बंगलादेश इन्जिनियरिङ तथा प्रविधि विश्वविद्यालयका विद्यार्थी अब्रार फाहादको यातना र हत्यामा जोडिएर हसिनाको विद्यार्थी संगठन छात्रा लिग कसरी हिंसात्मक समूहमा रुपान्तरण भयो भन्ने जगजाहेर छ ।

उनले सन् १९९१ र सन् २००१ को चुनावी हारलाई राम्रोसँग बुझेकी थिइनन् । अवामी लिग स्वतन्त्र र निष्पक्ष चुनावमा कहिल्यै हार्न नसक्ने तर केवल धाँधलीले मात्र हार्छ भन्ने उनले बनाएको भाष्यले यी परिणाम अस्वीकार गर्न प्रेरित गऱ्यो । 'सुक्ष्म धाँधली भन्ने' भन्ने शब्दकी जन्मदाता उनै हुन् । यतैबाट अहंकार र संकीर्णता सुरु भयो, जसले उनलाई सत्यबाट टाढा लैजाँदै ठूला भूलहरूतिर हुत्यायो । सन् २००४ अगस्टमा बम आक्रमणमा २४ अवामी लिगका नेता-कार्यकर्ता मारिए । त्यसको बंगलादेश नेसनालिस्ट पार्टीको सरकारले विश्वसनीय छानबिन नगरेपछि उनले सत्ताबाहिर रहेर आफू सधैँ जोखिममा रहने महसुस गरिन् । सत्तामा फर्केपछि कहिल्यै छोड्दिनँ भन्ने सोच सायद त्यतिबेला बनेको हो । यही सोचले बंगलादेशमा लोकतन्त्रको सम्भावना नै मारेको हाम्रो बुझाइ हो ।

हसिना सन् २००८ मा स्वतन्त्र र निष्पक्ष चुनावबाट पुनः सत्तामा फर्किइन् । सन् २०११ मा कामचलाउ प्रणाली खारेज गरिन् र त्यसपछि सन् २०१४, २०१८ र २०२४ को सबै चुनावहरूमा हस्तक्षेप गरिन् । हेरफेर सफल हुँदै जाँदा उनी अतिआत्मविश्वासी भइन् । सबै सहयोगी प्यादा थिए । विपक्षी सहजै व्यवस्थापन हुने र असन्तुष्ट आवाजहरू दबाइने ठान्न थालिन् । गल्ती अस्वीकार गर्ने मानसिकता गहिरिँदै गयो । यसैले हो, उनलाई अत्यधिक अहंकारी बनाएको । सन् २०१३ मा सम्पादकहरूसँगको भेटमा उनले भनेकी थिइन, 'मेरो जीवनमाथि यति धेरै प्रयास हुँदाहुँदै पनि अल्लाहले आफ्नो इच्छा पूरा गराउन मलाई जोगाउनुभएको छ । तपाईंहरूले जे लेखे पनि मलाई मतलब छैन ।' उनी आफू 'दैवी निर्देशन'अनुसार चलिरहेकी छु भन्नेमा विश्वस्त थिइन् । यसले उनलाई झनै एक्ल्यायो र असहिष्णु बनायो । अन्नतः जनतासँग र आफ्नै पार्टीसँग दूरी बढ्यो ।

संविधान परिवर्तन गरी चुनाव हेर्ने कामचलाउ प्रणाली हटाउनु उनको हातमा चुनाव नियन्त्रण गर्न खोजेको पहिलो स्पष्ट संकेत थियो । सन् २०१४ को चुनाव खुल्लै र निर्लज्ज रुपमा हेरफेर भएको थियो । ३०० सिटमध्ये १५३ मा केवल एक उम्मेदवार थिए भने अन्य सबै 'स्वेच्छाले' हटाइए । त्यसैले मतदान हुनुअघि नै अवामी लिगले बहुमत पायो । यस्तो कुकर्म अवामी लिगको प्रधानमन्त्री वा पार्टी अध्यक्षको प्रत्यक्ष संलग्नताबिना सम्भव थियो होला र ?

यसरी बारम्बार चुनाव हेरफेर गर्दा पनि विपक्षले प्रभावकारी प्रतिरोध गर्न सकेनन् । र, उनमा झुटो तर खतरनाक आत्मविश्वास पलायो । यही कारण सन् २०१८ र २०२४ मा पनि यस्तै गल्ती दोहोऱ्याइन् । त्यसैले हो सन् २०२४ को जुलाई-अगस्टमा आफ्नै पतनको चिहान खनेको ।

कोभिड महामारीले सन् २०२०-२२ बीच उनी पार्टी र जनताबाट झन् टाढा गइन् । राज्य संचालनको कुरा केवल औपचारिकता बन्यो । बङ्गबन्धुको जन्मशताब्दीको भड्किलो समारोहले त आगोमा ध्यु थप्यो । यसले सचेत नागरिक समाजलाई निकै दुःखी बनायो । जनता चाहेका विषयहरूभन्दा नेताको व्यक्तिपूजामा सरकारको शक्ति केन्द्रिकृत भयो ।

हसिनाले राष्ट्रभावनालाई जति गलत पढिन्, त्यो बंगलादेशमा कहिल्यै नभएको स्तरमा थियो । बंगाली जनमानस व्यक्तिपूजाविरुद्ध छ । हजारौँ किताब छद्म नामका लेखकबाट लेखाइयो । सरकारद्वारा महँगोमा खरिद गरियो र यसलाई भ्रष्ट अधिकारी र शिक्षित पेशाकर्मीले पैसा कमाउने माध्यम बनाइदिए । जन्मशताब्दीले मुक्ति संग्रामबारे कुनै गहिरो अध्ययन दिएन । मात्रै विद्यालय, विश्वविद्यालयमा फजुल सामग्री थुपाऱ्यो । यसअगाडि नभएको संस्कृति सुरु गरियो । बंगलादेशका संस्थापक नेता बङ्गबन्धुका सयौँ मूर्तिहरू बनाइए, जुन बङ्गबन्धुको छविलाई सुधार्नेभन्दा बिगार्ने कारण बन्यो । र, अन्ततः विद्रोह सुरु हुँदा तिनै मूर्ति तारो बने ।

सन् २०२१ को ५०औँ स्वतन्त्रता वर्षगाँठ पनि जन्मशताब्दीको निरन्तरताजस्तै मनाइयो । स्वतन्त्रता सेनानीहरूलाई उचित सम्मान नदिई उनीहरूको कथा ओझेल पारियो । सन् १९७१ को युद्धमा निर्णायक भूमिका खेलेका सेना अधिकारीहरूको चर्चै गरिएन । मेजर जियाउर रहमान, कर्नल ओस्मानी र ताजुद्दिन अहमदको भूमिकालाई किनारमा पारियो । पुनः सबै कुरा एक व्यक्तिमै सीमित गरियो । त्यसले स्वतन्त्रता सेनानीहरू अपमानित भएको महसुस गर्न थाले ।

देशका सबैजसो सार्वजनिक स्थान तथा संस्थामा 'मुक्तिजोद्धा कर्नर'को सट्टा 'मुझिव कर्नर' खोल्ने आदेशले जनता अझै टाढा गए । १५ वर्षको शासनमा मुक्तियुद्धबारे जनचेतना बढाउने कुनै काम भएन । बरु भयो सबै कुरा मुझिव पूजामा सीमित ।

सन् २०२२ सम्म पुग्दा उनी अहंकारको शिखरमा थिइन् । 'म सबै जादन्छु', 'आलोचक सबै शत्रु' र 'मैले गरेको सबै राम्रो' भन्ने अहम्ले गर्दा राजनीतिक वातावरण पुरापुर छोप्यो । नेता अचुक हुन् भन्ने बुझाइले पार्टीभित्र हास्यास्पदस्तरको चाटुकारिता बढ्यो ।

सरकारी जागिरको आरक्षण प्रणालीविरुद्ध विद्यार्थी आन्दोलनको व्यवस्थापनले उनको सरकारको र दलको असक्षमतालाई थप झल्कायो । उनले एकैपटक शारीरिक रुपमा कमजोर तथा सीमान्तकृत तथा अल्पसंख्यक समुदायका सबै आरक्षण खारेज गरिन् । यो संविधानविपरीत थियो । त्यसलाई उच्च अदालतले फिर्ता गरिदियो । उनले वार्ता गरेर समाधान खोज्न सक्थिन्, तर गरिनन् । सन् २०२४ जुलाईमा अवस्था हिंसात्मक बन्यो । १६ जुलाईपछि ठूलो संख्यामा हत्या श्रृंखला सुरु भयो । हाम्रो अखबार डेली स्टारकाका पत्रकारहरूले शव गणना पनि गरे । त्यसबाट १ अगस्टसम्म २०१ शव भेटिएको पाइयो ।

हसिनाको दाबी छ 'उनले गोली चलाउन आदेश दिएकी थिइनन् ।' तर, गोली चलाउन दिएको आदेशका प्रमाण धेरै छन् । र, यदि आदेश दिएकी थिइनन् भने, सुरु भइसकेपछि किन रोकिनन् त ? दिनदिनै मृत्यु संख्या सार्वजनिक हुन्थे । यदि उनी सत्य बोलिरहेकी हुन् भने ' गोली चलाउन नदिनु' भनेर तुरुन्त किन भन्न सकिनन् ? प्रधानमन्त्रीलाई निरन्तर भइरहेको गोली प्रहार थाहा नहुने भन्ने त हुन्न होला । उनले थाहा पाएकै थिइन् र आदेश दिएकै थिइन् । कमान्डको जरा खोज्दै जाँदा यो सबैको गाँठो हसिनाकैमा पुग्छ ।

कानुनी पक्ष आफ्नै स्थानमा होलान् । ती दिनहरूमा जिउँदै बाँच्ने, हेर्ने, रिपोर्ट गर्ने, लेख्ने वा चेतावनी दिने जो-कोही पनि विश्वास गर्छन्, कि सरकार प्रमुखका रूपमा शेख हसिना आफ्नै जनताविरुद्ध गरिएको अपराधकी दोषी हुन् ।

*(महफूज अनाम बंगलादेशको सबैभन्दा धेरै बिक्री हुने अंग्रेजी भाषाको अखबार डेली स्टारका सम्पादक तथा प्रकाशक हुन् । २१ नोभेम्बर २१ मा प्रकाशन गरिएको यो आलेखको संक्षिप्त भावानुवाद विराट अनुपमले गरेका हुन् ।)*

## विश्व

# स्पेसएक्सका 'राइडशेयर' मिसन सफलतापूर्वक प्रक्षेपण

**लस एन्जल्स, १३ मंसिर ।**
अमेरिकी निजी अन्तरिक्ष कम्पनी स्पेसएक्सले शुक्रबार आफ्नो नयाँ 'राइडशेयर' मिसन सफलतापूर्वक अन्तरिक्षतर्फ पठाएको छ । 'राइडशेयर' मिसन भनेको एउटा रकेटमार्फत एकैपटक धेरै साना उपग्रह वा उपकरणहरूलाई अन्तरिक्षमा पठाउने कार्यक्रम हो ।

यस किसिमको मिसनमा विभिन्न कम्पनी, संस्था र अनुसन्धान समूहका साना उपग्रहहरू (जस्तै क्यूबस्याट, माइक्रोस्याट वा अन्य वैज्ञानिक उपकरणहरू) एउटै रकेटमा राखिन्छन् । यसले एउटै प्रक्षेपणमा धेरै उपकरणहरू अन्तरिक्षमा पुऱ्याउन सकिने सुविधा दिन्छ र ठूलो खर्च पनि बचत हुन्छ । यसरी, साना र लागत प्रभावकारी मिशनहरू सफलतापूर्वक सञ्चालन गर्न सजिलो हुन्छ ।

'ट्रान्सपोर्टर-१५' नाम दिइएको यो मिशन क्यालिफोर्नियाको भ्यान्डेनबर्ग स्पेस फोर्स बेसबाट स्थानीय समय अनुसार बिहान १०:४४ बजे फाल्कन ९ रकेटमार्फत प्रक्षेपण गरिएको स्पेसएक्सले जनाएको छ ।

स्पेसएक्सका अनुसार मिशनमा कुल १४० पे-लोड (उपग्रह तथा अन्य उपकरण) रहेका थिए, जसमा क्यूबस्याट, माइक्रोस्याट, होस्टेड पे-लोड तथा कक्षान्तरण गर्ने साना यानहरू पनि समावेश थिए । ती मध्ये १३ पे-लोड भने पछि छुट्टै कक्षमा पठाइने छन् । स्पेसएक्सले सामाजिक सञ्जाल 'एक्स' मा भने अनुसार, यसको राइडशेयर कार्यक्रममार्फत यसअघि सम्पन्न र अहिले चलाएका मिशनहरू मिलाएर एक हजार ४०० भन्दा बढी पे-लोड सफलतापूर्वक कक्षामा पु-याइसकिएका छन् ।

# रूसको निरन्तर आक्रमणले किएभमा सङ्कट गहिरिँदै

**किएभ, १३ मंसिर ।**
रूसले शनिबार बिहान युक्रेनको राजधानी किएभमा गरेको हवाई आक्रमणमा सात जना घाइते भएका छन् । मध्यरातपछि शहरभर ठूलो विस्फोटको आवाज सुनिएपछि हवाई प्रतिरक्षा प्रणाली सक्रिय गरिएको थियो ।

किएभको सैनिक प्रशासनका प्रमुख तिमुर तकाचेन्कोले भन्नुभयो,"विपक्षीका उड्ने यन्त्रहरू राजधानी वरपर देखिएका छन् र हवाई प्रतिरक्षा दलले तिनको विरुद्ध सक्रिय रूपमा प्रतिक्रिया जनाइरहेका छन् ।"

किएभका मेयर विताली क्लिच्कोले आक्रमणका क्रममा सबै नागरिकलाई सुरक्षित स्थानमै बस्न अनुरोध गरेका थिए । उनका अनुसार राजधानीमा सात जना घाइते भएका छन्, जसमा चार जनालाई उपचारका लागि अस्पताल लगिएको छ । घाइतेमध्ये १३ वर्षे एक बालक पनि रहेको उनले जानकारी दिए ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — पूर्वाह्न समय विशेष लाभदायी रहनेछ । पेसा र व्यवसायले राम्रो लाभ दिनेछ । आयआर्जनका विविध स्रोत फेला पर्नेछन् ।

**वृष** — आफ्नो क्षेत्रमा प्रभुत्व जमाउँदै दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्नेछ ।

**मिथुन** — सामाजिक जिम्मेवारी प्राप्त हुनेछ । भाग्यले विभिन्न अवसर दिलाउन सक्छ । अध्यात्मभाव जागृत हुनाले परोपकारमा मन जानेछ ।

**कर्कट** — समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ । कामको चाप बढ्नेछ भने वादविवादले मन खिन्न तुल्याउनेछ । स्वास्थ्यका लागि व्यायाम र खानपानमा ध्यान पुर्याउनुहोला ।

**सिंह** — सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तको उपहारले प्रसन्नता मिल्नेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ ।

**कन्या** — हिम्मत गर्दा जटिल काम समेत सम्पादन हुनेछ । पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सकिनेछ । पहिले दुश्मनी गर्नेहरूले पनि मित्रताका हात अघि बढाउनेछन् ।

**तुला** — शुभचिन्तकहरूको साथ प्राप्त हुनका साथै सुखद समाचारले दिन उत्साहपूर्ण रहनेछ । पढाइको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**वृश्चिक** — परिस्थितिअनुसार चल्न नसक्ता दुःख पाइनेछ । विश्वासपात्रबाट धोका हुन सक्छ, सजग रहनुहोला । समयमा निर्णय लिन नसक्दा काम रोकिन सक्छ ।

**धनु** — चिताएको काममा बिहानै जुट्नुहोला, सोचेजस्तै सफलता मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र प्रतिस्पर्धीहरूले समेत सहयोगका हात फैलाउनेछन् ।

**मकर** — अध्ययनमा प्रगति हुनेछ । लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्नेछ । सहयोगीहरूले साथ दिनेछन् र चिताएको काम सम्पादन हुनेछ ।

**कुम्भ** — मिहिनेतले व्यक्तित्व निखार्ने समय छ । दिगो योजना प्रारम्भ हुन सक्छ । व्यापारमा राम्रै फइको मार्ने समय छ । छोटो समयमै राम्रो उपलब्धि हातलागी हुनेछ ।

**मीन** — आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । आफन्तजनबाट टाढिनुपर्ला । व्यवसायमा लगानी बढाउनुपर्ने परिस्थिति आउन सक्छ ।

## हुम्लामा निःशुल्क आँखा शिविर



**◣युग संवाददाता**
**हुम्ला, १३ मंसिर ।**
हुम्लाको अदानचुली गाउँपालिकाको श्रीनगर स्वास्थ्य चौकीमा सञ्चालित निःशुल्क आँखा शिविरमा ५२० जनाले उपचार गराएका छन् ।

बिहीबारदेखि सुरु भएको निःशुल्क आँखा शिविर तथा मोतीबिन्दु शल्यक्रिया शिविरमा ४० जनाको मोतीबिन्दु र एक जनाको टेरिजियमको निःशुल्क शल्यक्रिया गरिएको अदानचुली गाउँपालिका स्वास्थ्य शाखा संयोजक विनोद बुढाले बताए ।

नेपाल नेत्रज्योति सङ्घ हुम्ला शाखा, नेपाल नेत्रज्योति सङ्घअन्तर्गत सञ्चालित हिमालय आँखा अस्पताल पोखराको आर्थिक एवं प्राविधिक सहयोगमा तथा अदानचुली गाउँपालिकाको समन्वयमा सञ्चालित तीनदिने शिविरमा निःशुल्क आँखा परीक्षण, औषधि वितरण, मोतीबिन्दु शल्यक्रिया र चश्मा वितरण गरिएको छ ।

अदानचुली गाउँपालिकालगायत छिमेकी गाउँपालिकाका मुगुको सोरु, हुम्लाको ताँजाकोट र सर्केगाड गाउँपालिकाका बिरामीलाई लक्षित गर्दै आयोजना गरिएको सो शिविरमा हिमालय आँखा अस्पताल पोखरामा सेवारत नेत्ररोग विशेषज्ञ डा अनिल पराजुलीको नेतृत्वको स्वास्थ्य टोलीले सेवा प्रदान गरेको हो ।

नेत्ररोग विशेषज्ञ डा पराजुलीले मोतीबिन्दु रोग पत्ता लागेका सबै सेवाग्राहीको निःशुल्क शल्यक्रिया गरिएको बताए । शिविरमा बालबालिका, ज्येष्ठ नागरिक तथा आँखाका समस्या भएका सेवाग्राही लाभान्वित भएका छन् । न्यूनदृष्टि भएका बालबालिका तथा फरक क्षमता भएका सेवाग्राहीका लागि आवश्यकताअनुसार थप उपचार तथा चस्मा वितरण गरिएको बताए ।

## बैतडी...

कारागार बैतडीले जनाएको छ । "सघन सहकारी तथा भवन निर्माण आयोजना कार्यालय डोटी र निर्माण कम्पनीबीच सम्झौता भैसकेको छ", उनले भने, "कार्यादेशसमेत आइसकेको छ । अबको एक/दुई दिनभित्र काम सुरु हुन्छ ।"

बन्दीगृह निर्माणका लागि रु १० करोड बजेट विनियोजन गरिएको छ । केकेजे कालिका एस बी जेभी सुकेधाराले बन्दीगृह निर्माणको काम गर्नेछ । सो कम्पनीसँग रु सात करोड ९७ लाख ७१ हजार ४१९ मा सम्झौता भइसकेको सघन सहकरी तथा भवन निर्माण आयोजना कार्यालय डोटीले जनाएको छ । वि.सं. २०८४ असार १५ गतेभित्र निर्माण सम्पन्न गरिसक्ने लक्ष्य रहेको छ । नयाँ बन्दीगृह निर्माण भएपछि कैदीबन्दीको व्यवस्थापनमा सहजता आउने विश्वास गरिएको कारागार प्रमुख भण्डारीले बताए ।

# सरकारले निर्णय नगर्दा उपल्लो डोल्पाको ल्यासीक्याप–सिसौल ३५ किलोमिटर ट्र्याक खोल्न ढिलाई

**◣युग संवाददाता**
**डोल्पा, १३ मंसिर ।**
डोल्पालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने लक्ष्यका साथ २०६५ सालदेखि निर्माण सुरु गरिएको भेरी करिडोरले अझै पूर्णता पाउन सकेको छैन् ।

भेरी करिडोर अर्न्तगत पर्ने दुनै-ल्यासीक्याप र ल्यासीक्याप-सिसौल सडक खण्ड निर्माण नभएपछि करिडोरले पूर्णता पाउन नसकेको हो ।

२०७५ मंसिरमा डोल्पा सदरमुकाम दुनै राष्ट्रिय सडक सञ्जालमा जोडिएको थियो । दुनैदेखि सिसौलसम्मको सडक निर्माणको काम वर्षौंदेखि अन्योलमा परेको छ । करिडोर अन्तर्गत पर्ने ल्यासीक्याप-सिसौलको ३५ किलोमिटर ट्र्याक खुलाउन बाँकी छ। ल्यासीक्याप-सिसौल खण्ड हाल गोरेटोमा सीमित छ।

उक्त खण्ड भीरपहरायुक्त भएकाले नेपाली सेनालाई जिम्मा दिन यहाँका जनप्रतिनिधिहरुले वर्षौंदेखि पहल गर्दै आएका छन् । सरकारले उक्त सडक खण्ड सेनालाई दिने निर्णय नगर्दा काम अन्योलमा परेको हो । 'यो खण्ड लामो समयदेखि सेनालाई जिम्मा दिन प्रयास भइरहेको छ । तर, मन्त्रिपरिषद्को निर्णय नहुँदा सेनाले जिम्मा लिन सकेको छैन्,' भेरी करिडोर कार्यालय जाजरकोटका प्रमुख सुनिल रञ्जितकारले भने ।

उनका अनुसार एक वर्षअघि नै भौतिक पूर्वाधार, गृह हुँदै रक्षा मन्त्रालयले पनि सेनालाई जिम्मा दिने राय मन्त्रिपरिषद्को कार्यालयमा पठाइसके पनि निर्णय नहुँदा ट्र्याक खुलाउने काम सुरु हुन सकेको छैन् । 'ठूलाठूला भीरपहरा भएकाले यो खण्डमा ब्लाष्टिङ नगरी ट्र्याक खुलाउन सम्भव छैन । त्यसकारण पनि सरकारले छिटो निर्णय गरिदिए सेनाले काम सुरु गर्न सजिलो हुन्थ्यो,' उनले भने ।

डोल्पाका निवर्तमान सांसद तथा पूर्वमन्त्री धनबहादुर बुढाका अनुसार ल्यासीक्यापदेखि सिसौलसम्मको सडकको ट्र्याक खुलाउने जिम्मा सेनालाई दिन धेरै पहल गरे पनि सुनुवाई नभएको बताए । 'यो खण्डमा कडा चट्टानी भूबनोट भएकाले पनि सेनाले बाहेक ट्र्याक खुलाउन सहज छैन । सेनाको टोलीले



अवलोकन गरेर सहमतिसहितको राय बुझ्न रक्षा मन्त्रालयमा पठाएको पनि दुई वर्ष भइसक्यो । रक्षा मन्त्रालयले रायसहितकोपत्र भौतिक पूर्वाधार मन्त्रालयमा पठाइसकेको छ । तर, अझै निर्णय भएको छैन्,' बुढाले भने, 'यो खण्डको वातावरणीय प्रभाव मूल्याङ्कनको प्रतिवेदन पास गर्नै पाँच वर्ष लाग्यो । धेरै पटक सरकारको ध्यानाकर्षण गरउँदा पनि कतै सुनुवाई भएन ।'

मोरिम्ला-तिन्जे धोहुँदै सिसौलसम्म ४० किलोमिटरको यसअघि नै ट्र्याक खोलिसकिएको छ । कर्णाली प्रदेशका भौतिक पूर्वाधार मन्त्री शेरबहादुर बुढा र प्रदेश सांसद तथा पूर्वमन्त्री बीरबहादुर शाहीले बाँकी खण्ड निर्माणको जिम्मा सेनालाई दिन सम्बन्धित सदनमा प्रदेश सरकारको पनि पटक पटक ध्यानाकर्षण समेत गराउँदै आएका छन् ।

भेरी करिडोर कार्यालय जाजरकोटका अनुसार सुर्खेतको छिन्चुदेखि डोल्पाको मोरिम्ला नाकासम्म भेरी करिडोर अन्तर्गत पर्छ । छिन्चु-मोरिम्लासम्मको सडकको कुल लम्बाइ ३ सय १७ किलोमिटर छ । जाजरकोटको पासागार्डदेखि दुनैसम्म कुल लम्बाइ १ सय १८ किलोमिटर छ ।

दुनैसम्म सडक पुगेको आठ वर्षमा पनि भेरी करिडोरले पूर्णता पाउन नसक्नुमा राज्यको बेवास्ता देखिएको नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढा बताउँछन् । यो सडक नखुल्दा उपल्लो डोल्पाका तीन स्थानीय तहका बासिन्दाले यातायात, शिक्षा, स्वास्थ्य, सञ्चारलगायतका सुविधाको उपयोग गर्न नपाएको उनले बताए ।

### दुनै–ल्यासीक्याप २५ किलोमिटरमा काम सुस्त

सदरमुकाम दुनैदेखि काइके गाउँपालिका अन्तर्गत ल्यासीक्यापसम्मको २५ किलोमिटर सडक निर्माणको क्रममा छ । उक्त खण्ड भेरी करिडोर कार्यालयको ११ करोड बजेटबाट निर्माण भईरहेको छ । तर, काम भने सुस्त गतिमा भइरहेको काइके गाउँपालिकाका स्थानीयले गुनासो गरे । कहिले जग्गा विवाद त कहिले बर्खामा काम गर्न नसकिएको बहाना बनाउँदै काममा ढिलाइ गरेको स्थानीयको गुनासो छ ।

सूर्य/श्रेया/शान्ति जेभी कन्ट्रक्सनले चार वर्षभित्र निर्माण सक्ने जिम्मा लिएको थियो । आउँदो चैतमा ठेक्काको म्याद सकिँदैछ । भेरी करिडोर कार्यालय जाजरकोटका सवइन्जिनियर मोतीप्रसाद बुढाका अनुसार उक्त खण्डमा ५० प्रतिशत पनि काम भएको छैन् ।

निर्माण व्यवसायी धुब्रकुमार शाहीले चार वर्षभित्र निर्माण कार्य सक्नुपर्ने सम्झौता भएकोमा करिब साढे दुई वर्ष बिस्फोटक पदार्थ खरिदको प्रक्रियामै सकिएको बताए । यो खण्डमा अब भीर भएको क्षेत्रमा मात्र काम बाँकी रहेको उनले बताए । 'यस बीचमा दुई वटा पाँच सय मिटर र एक किलोमिटरका ठूल्ठूला भीर छन् । हालसम्म सात पटकमात्र बिस्फोट गरिएको छ । बाँकी कामका लागि बिस्फोटक पदार्थ स्टक छ । जतिसक्दो कामको गति बढाउने कोशिषमा छौं,' शाहीले भने ।

कर्णाली प्रदेशमा सञ्चालित भेरी करिडोर रणनैतिक महत्वको आयोजना हो । यो सडकले चीन र भारतलाई जोड्ने भएकाले ब्यापारिक हिसाबले पनि महत्वपूर्ण रहेको छ । यो सडकले पूर्णता पाए डोल्पाको उत्पादनले सहजै बजार पाउने र पर्यटकीय गतिविधले बढेर स्थानीयको आम्दानीको बाटो खुल्ने छ । शेफोक्सुण्डो ताल, जगदुल्ला ताल, सुलिगार्ड झरना, छार्का भोट, त्रिपुरासुन्दरी मन्दिरमा पर्यटकको संख्या बढ्ने अपेक्षा स्थानीयको छ ।

भेरी करिडोरले पूर्णता नपाउँदा उपल्लो डोल्पाका डोल्पोबुद्ध, शे-फोक्सुण्डो, छार्कताङ्सोङ गरेर तीन वटा स्थानीय तहका बासिन्दा आधारभूत सेवाबाटै बञ्चित छन् । सडक नपुग्दा सातादिन हिँडेर सदरमुकाम झर्नुपर्ने बाध्यता छ । उनीहरु शिक्षा, स्वास्थ्य, सडक, विद्युत, सञ्चारलगायतका आधारभूत सेवाबाट समेत बञ्चित हुनुपरेको हो ।

सडक नपुगेकै कारण उपल्लो डोल्पालीले स्वास्थ्य उपचारका सबैभन्दा धेरै समस्या खेप्नुपरेको डोल्पोबुद्ध गाउँपालिकाका युवा पेम्मा छेवाङ् गुरुङले बताए । 'जिल्ला सदरमुकाम दुनैसम्म सडक पुगेको वर्षौं भयो । तर, उपल्लो डोल्पासम्म सडक निर्माण गर्ने कुनै सुरसार छैन् । जसले गर्दा उपचारमै उपल्लो डोल्पाली लाखौं खर्च गर्नुपरेको छ,' उनले भने, 'दुर्घटना र आकस्मिक घटनामा हेलिकप्टर चार्टर गर्न चर्को ब्याजमा ऋण निकाल्नु पर्दा धेरैको घरखेत समेत बेचिएको छ । कतिपयले समयमै उपचार नपाएर अकालमै ज्यान गुमाउनु गरेको प्रमुख कारण भनेको सडक नपुग्नु नै हो ।'

**घट्टेखोला खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मंगलसेन १४, अछाम**
**घट्टेउडी सिलावडा तल्लावाडा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मंगलसेन १०, अछाम**
**गोगनपानी खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मंगलसेन २, अछाम खोप्चे खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, मंगलसेन ८, अछाम**

**को**

## संयुक्त खरिद समिति

**मंगलसेन, अछाम**

## सिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित सूचनाः मितिः २०८२ मंसिर १४ गते**

एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रम, हेल्भेटास नेपालको आर्थिक सहयोगमा स्थानीय साझेदार संस्था सामाजिक सशक्तिकरण तथा पहुँच विकास केन्द्र-नेपाल (सेबक नेपाल), मंगलसेन, अछामको सहजीकरणमा मंगलसेन नगरपालिका, अछाममा संचालित खानेपानी तथा सरसफाइ योजनाहरुको लागि खानेपानी योजना निर्माणमा प्रयोग हुने निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले सिलवन्दी दरभाउपत्रमा उल्लेख गरिएको शर्तहरु र सामाग्रीको गुणस्तर (स्पेसिफिकेशन) बमोजिमको सामाग्रीहरु सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका आपूर्तिकर्ता, फर्म वा कम्पनिवाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोछ।

**प्याकेज १ :**
समुह क : एच.डि.पि.ई. पाइप, जि.आई. पाइप, जि.आई./ब्रास फिटिङ्ङ्ग, औजार, अन्य साामाग्रीहरु (सरिया, ग्याविन तार, काँडेतार, वाइडिङ्ग तार, कुखुरेजाली, टंकी इत्यादि)
समुख ख : फलामे निर्माण सामाग्री (फेब्रिकेटेड सामाग्रीहरु)
समुह ग : सिमेन्ट (ओ.पि.सि. ५३ ग्रेड)

**शर्तहरुः**
१. दरभाउपत्र निम्न स्थानमा निःशुल्क उपलब्ध हुने वा लिङ्ङ्कबाट डाउनलोड गर्न सकिने छ ।
सिलवन्दी दरभाउपत्र पाइने स्थानः सामाजिक सशक्तिकरण तथा पहुँच विकास केन्द्र-नेपाल (सेबक नेपाल), मंगलसेन, अछाम अथवा, सिलवन्दी दरभाउपत्र डाउनलोड गर्नका लागि लिङ्ङ्कः https://notice.helvetasnepal.org दरभाउपत्र डाउनलोड वा प्राप्त गर्न केही समस्या भएमा ०९७५९०१५१ वा ९७६३३११९८८ (संयोजक-संयुक्त खरिद समिति) नं. मा सम्पर्क गर्न सकिनेछ ।
२. दरभाउपत्र बुझाउने अन्तिम मिति र स्थानः
दरभाउपत्र बुझाउने अन्तिम मितिः २०८२ मंसिर २८ गते (१४ डिसेम्बर २०२५), दिउसो १२.०० बजे भित्र दरभाउपत्र बुझाउने स्थानः सामाजिक सशक्तिकरण तथा पहुँच विकास केन्द्र-नेपाल (सेबक नेपाल), मंगलसेन, अछाम
फोन नं. ०९७५९०१५१
म्याद नाघी वा रित नपुगी आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
३. दरभाउपत्र पेश गर्ने सप्लायरले संयुक्त खरिद समिति वा उपभोक्ता समितिले जारि गरेको परिमाण सुची (Bill of quantity) मा मात्र दरभाउ पेश गर्नु पर्नेछ । अन्य कागजमा भरिएको दरभाउपत्रलाई मान्यता दिइने छैन ।
४. सिलवन्दी दरभाउपत्र खोल्ने मिति, समय र स्थानः
मितिः २०८२ मंसिर २८ गते (१४ डिसेम्बर २०२५), दिउसो १.०० बजे स्थानः सामाजिक सशक्तिकरण तथा पहुँच विकास केन्द्र-नेपाल (सेबक नेपाल), मंगलसेन, अछामको कार्यालय सिलवन्दी दरभाउपत्र दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
५. सामाग्री खरिद सम्झौता बमोजिम तोकिएको स्थान सम्म सामाग्री ढुवानी भै उपभोक्ता समितिले सामाग्री चेकजांच र प्राप्त गरे पछि मात्र आपूर्तिकर्तालाई भुक्तानी गर्नेछ ।
६. यो सूचनामा केहि संसोधन गर्नु परेमा सो को सूचना अहिले प्रकाशित भएका पत्रिकाहरु वा माध्यमबाट नै गरिने छ ।
७. दरभाउपत्र पेश गर्दा सिलवन्दी दरभाउपत्र साथ नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत प्राप्त वाणिज्य बैंकबाट ७५ दिन मान्य अवधि (दरभाउपत्र खोलिने मिति देखि गणना हुनेगरी) भएको सक्कल बैंक जमानत दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ । जमानत जारी गर्नु पर्ने नाम (beneficiary name): KHOPCHE KHANEPANI TATHA SARSAFAI NLU.SA. जमानत रकम रु. : २२४,०००.०० (दुई लाख चौविस हजार रुपैया मात्र)
८. दर्ता भएका सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस संयुक्त खरिद समिति, मंगलसेन, अछाममा सुरक्षित रहनेछ ।

## दुल्लू नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**दुल्लू, दैलेख**

## नदीजन्य पदार्थ उत्खनन् र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/१४ गते**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ (क) बमोजिम दुल्लू नगरपालिकाले तोकेका तपसिलका नदीहरुको स्वीकृत घाटहरुबाट दुल्लू नगरपालिकाको स्वीकृत अध्यावधिक प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE), २०८२ मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट नगरपालिकाले तोकेको दररेटको अधिनमा रहि ठेक्का बन्दोबस्त गर्न यस पूर्व यस कार्यालयवाट मिति २०८२।०५।०९ मा प्रथम पटक सूचना प्रकाशित गरिएकोमा प्रथम पटक प्रकाशित गरिएको सूचना अनुसार तपसिलको विवरण भएको ठेक्कामा कोहि कसैले पनि सिलबन्दी दरभाउपत्र पेश नगरेको हुँदा पुनः दोस्रो पटकका लागि मिति २०८२।०५।२५ मा १५ दिने सूचना प्रकाशित गरिएको मा उक्त अवधिमा समेत कोहि कसैले पनि सिलबन्दी दरभाउ पत्र पेश नगरेकोले तपसिलका ठेक्का सम्वन्धी दरभाउ पत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्र (सम्भव भए २०८१।०८२ को) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही तपसिलको ठेक्काका लागि दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सवैलाई जानकारी गराईन्छ ।

**तपसिल :**

| ठेक्का नं. | नदी क्षेत्र | उत्खनन् गर्ने खोला/नदी र स्थान | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०३-२०८२/०८३ | कर्णाली नदी | लामादुवाला दुल्लू नगरपालिका ३ | १०००/- |
| ०४-२०८२/०८३ | लोहोरे खोला | माथिल्लो डुंगेश्वर दुल्लू नगरपालिका १२ | १०००/- |
| ०५-२०८२/०८३ | छामघाट खोला | १) खागितडा दुल्लू नगरपालिका ११ | १०००/- |
| | | २) कोटिला क (३ स्थान) दुल्लू नगरपालिका ११ | |
| | | ३) कोटिला ख (३ स्थान) दुल्लू नगरपालिका ११ | |
| ०६-२०८२/०८३ | छामघाट खोला | १) गमौडी दुल्लू नगरपालिका १० | १०००/- |
| | | २) श्रीस्थान (२ स्थान) दुल्लू नगरपालिका १० | |

**संलगन गर्नु पर्ने कागजातहरु**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०८०/०८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (सम्भव भएसम्म आ.व. २०८१/०८२ को समेत), दरभाउपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, दुल्लूमा रहेको यस कार्यालयको राजस्व खाता नं. ४३४०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना तेस्रो पटक प्रकाशन भएको मितिले ७ औ दिनको कार्यालय समयभित्र कार्यालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको दरभाउपत्र भरी ८ औ दिन दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ ।
२. तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक दुल्लू शाखामा रहेको राजश्व खाता नं. ४३४०१००३०१०१०००२ मा जम्मा गरेको भौचरलाई दरभाउ पत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।
३. दरभाउपत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ ।
४. खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाईल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई तेस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औ दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिनेछ । उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु बिदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।
५. दरभाउपत्र फाराम यस कार्यालयको प्राविधिक शाखा/योजना अनुगमन तथा तथ्याँक शाखावाट उपलव्ध गराईने छ ।
६. ठेक्का सम्वन्धी विस्तृत विवरण यस कार्यालयको website: www.dullumun.gov.np मा समेत हेर्न र डाउनलोड गर्न सकिनेछ साथै कार्यालयमा सोझै सम्पर्क गरी प्राप्त गर्न सकिने छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# वडा कार्यालय भवन निर्माण

**◣युग संवाददाता**
**जुम्ला, १३ मंसिर ।**

जुम्लाको गुठीचौर गाउँपालिका-१ ले वडाको नवनिर्मित पक्की भवनबाट सेवा सुरु गरेको छ। भवन सघन सहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय जुम्लाले वडाको प्रशासकीय भवन निर्माण गरेको हो।

उक्त भवन निर्माणका लागि सघन सहरी विकास कार्यालयको रु ४७ लाख बजेटमा वडाको प्रशासकीय भवन निर्माण भएको वडाध्यक्ष अर्जुनकुमार महताराले बताए। यहाँका आठ स्थानीय तहका ६० वटा वडा कार्यालय रहेका छन्। जसमध्ये अधिकांश कार्यालय भाडाका घरमा सञ्चालन भइरहेका छन्।

कार्यालयले चारकोठेसहितको एकतले भवन निर्माण गरेको छ। दोस्रो तला पनि थप गर्ने योजना बनाइएको छ।

# सुदूरपश्चिमको लगातार पाँचौं जित, जनकपुरको लगातार चौथो हार

**◣युग संवाददाता**
**काठमाडौं, १३ मंसिर ।**

नेपाल प्रिमियर लिग (एनपिएल) मा सुदूरपश्चिम रोयल्सले आफ्नो एकछत्र राज कायमै राखेको छ।

शनिबार भएको खेलमा जनकपुर बोल्ट्सलाई ६ विकेटले पराजित गर्दै सुदूरपश्चिमले प्रतियोगितामा लगातार पाँचौं जित दर्ता गरेको हो।

यो नतिजासँगै जनकपुर बोल्ट्सको खराब प्रदर्शनको सिलसिला जारी छ। जारी प्रतियोगितामा जनकपुरको यो लगातार चौथो हार हो र टोली अझै जितविहीन छ।

जनकपुरले दिएको १४६ रनको लक्ष्य सुदूरपश्चिम रोयल्सले १७.४ ओभरमा ४विकेट गुमाउँदै पूरा गर्‍यो।

लक्ष्य पछ्याउने क्रममा सुदूरपश्चिमको सुरुवात निकै खराब रहेको थियो। इनिङको पहिलो बलमै माज सदाकतले ओपनर जोस ब्राउन (०) लाई बोल्ड गरे। लगत्तै १.३ ओभरमा क्रिस लिन (१) सन्जय कृष्णमूर्तिद्वारा क्याच आउट भएपछि स्कोरबोर्डमा जम्मा १ रन हुँदा सुदूरपश्चिमले २ विकेट गुमाइसकेको थियो।

संकटमा परेको टोलीलाई ओपनर विनोद भण्डारी र युवा ब्याटर ईशान पाण्डेले सम्हाले। यी दुईबीच तेस्रो विकेटका लागि ९२ रनको साझेदारी भयो।

ईशान पाण्डेले आक्रामक ब्याटिङ गर्दै ३५ बलमा ८ चौका र १ छक्कासहित ५६ रनको अर्धशतकीय पारी खेले। उनी १५.४ ओभरमा आउट भए।

विनोद भण्डारीले ४९ बलमा ४२ रन बनाए। अन्त्यमा हरमित सिंहले १० बलमा २५ रनको विस्फोटक पारी खेल्दै टोलीलाई सहज जित दिलाए। कप्तान दीपेन्द्र सिंह ऐरी १० रनमा अविजित रहे। जनकपुरका माज सदाकतले २ विकेट लिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको जनकपुर बोल्ट्सले निर्धारित २० ओभरमा ८ विकेट गुमाउँदै १४५ रनको योगफल तयार पारेको थियो।

जनकपुरको सुरुवात पनि राम्रो हुन सकेन। पावरप्ले भित्र ३५ रन जोड्दा ३ विकेट गुमाइसकेको अवस्थामा जान निकोल लोफ्टी-इटन र सन्जय कृष्णमूर्तिले पारी सम्हालेका थिए।

सन्जय कृष्णमूर्तिले ३८ बलमा ५० रनको अर्धशतकीय पारी खेले। लोफ्टी-इटनले ३३ बलमा ३९ रन बनाए।

मध्यक्रम सम्हालिए पनि डेथ ओभरमा सुदूरपश्चिमका बलरहरू हाबी भए। अविनाश बोहराले ४ ओभरमा ३० रन खर्चेर महत्त्वपूर्ण ४ विकेट लिए। त्यस्तै, स्कट कुगेलेइनले ३ विकेट हात पारे।

यो नतिजापछि सुदूरपश्चिम रोयल्स ५ खेलमा ५ जितसहित १० अंकका साथ शीर्ष स्थानमा कायमै छ। जनकपुर बोल्ट्स भने ४ खेलमा अंकविहीन रहँदै तालिकाको पुछारमा संघर्षरत छ।

## तालिम खुल्यो ! तालिम खुल्यो !!

**सिपपछि रोजगारीको अवसर**

वीरेन्द्रनगर-१२, औधोगिक क्षेत्र सुर्खेतमा सञ्चालित एक उधोगमा हाते कपडा बुनाई (हेण्डलुम तान) बाट कपडा बुनाई सम्बन्धिको ३० दिने (एक महिना) पूर्ण अभ्याससहितको प्रशिक्षण तालिम खुलेको सहर्ष जानकारी गराउँदछौं। सिप सिकेका र सिप सिक्न चाहने इच्छुक महिलाहरुले तत्काल सम्पर्क राख्नुहोला। तालिम अवधिभर खाजाको व्यवस्था गरिनेछ। तालिमबाट उत्कृष्ट सिप सिक्ने ४ जनालाई पूर्णकालिन रोजगारी प्रदान गरिनेछ।

**तालिम सञ्चालन हुने**
**मिति** : २०८२ मंसिर १५ गतेदेखी २०८२ पुष १५ गतेसम्म
**समय** : विहान १०:०० बजेदेखी साँझ ४:०० बजेसम्म
**स्थान** : वीरेन्द्रनगर औधोगिक क्षेत्रभित्र
**सम्पर्क नं.** ९८५१३२९१६९

## मानव अधिकारको सम्मान गरौं।

- मानव अधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानव अधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार हुन्,
- मानव अधिकार उल्लंघन नगरौं,
- मानव अधिकारको डुल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं।

**मानव अधिकारप्रति सचेत रहौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड




## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरु**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै कित(ाबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मोः नं ९८४८०७६८५६ (डी.बी. राना)







**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।